# अनुसूची २

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# गलकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ७ संख्या- ७ मिति: २०८१/०८/२६

## भाग २

## न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०

## न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** बढ्दो लागत, आयातित वस्तु सँगको प्रतिस्पर्धा आदिका कारण यस नगरपालिका भित्र मुख्य उत्पादन सिजनमा उत्पादित वस्तुहरुको उत्पादन लागत भन्दा कम मूल्यमा विक्री वितरण गर्न परेको अवस्था रहेको छ । कृषकहरुलाई कृषि उत्पादनको उचित मूल्य सहित बजार सुनिश्चितता कायम गरी स्थानीय कृषक तथा उत्पादनको संरक्षणको साथै थप प्रोत्साहन गर्नको लागि गलकोट नगरपालिकाले निर्धारण गरेको मूल्यमा कृषकबाट स्थानीय कृषि उपज खरिद गर्ने व्यवस्था गरी न्यूनतम समर्थन मूल्यको कार्यान्वयन सुनिश्चित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (ञ) (३) बमोजिम नगरपालिकालाई प्राप्त स्थानीय वस्तुहरुको उत्पादन, मूल्य निर्धारण र नियमन सम्बन्धी अधिकार कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी गलकोट नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परीभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “प्रमुख” भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) “उप प्रमुख” भन्नाले नगर कार्यपालिकाको उप–प्रमुख सम्झनुपर्छ ।

(ग) “कृषि” भन्नाले अन्नबाली, दलहन, फलफूल, तरकारी, मसला तथा नगदेबाली, पशुपालन, माछापालन, मौरीपालन निजी तथा करार गरिएका जग्गामा गरिएका घाँस तथा डाले रुख एवम् जडीबुटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्झनु पर्छ ।

(घ) “उत्पादक” भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा समूह वा सहकारी उत्पादक सम्झनु पर्दछ ।

(ङ) “कृषक” भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्दछ ।

(च) “अनुदान” भन्नाले नगरपालिकाले कृषि क्षेत्रका विकासको लागि नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउनेछ ।

(छ) “कार्यपालिका” भन्नाले गलकोट नगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गलकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) “वडा” भन्नाले नगरपालिकाको वडा सम्झनु पर्दछ ।

(ट) “निर्देशक समिति” भन्नाले दफा १६ बमोजिमको निर्देशक समिति सम्झनु पर्दछ ।

(ठ) “न्यूनतम समर्थन मूल्य” भन्नाले कृषकको उत्पादन लागत तथा अन्य लागत र सामान्य मुनाफा जोडी गलकोट नगरपालिकाले निर्धारण गरेको समर्थन मूल्य सम्झनु पर्दछ ।

(ढ) “शाखा” भन्नाले कृषि विकास शाखा, पशु सेवा शाखा तथा सहकारी शाखा सम्झनु पर्दछ ।

(ण) “सूचीकृत संस्था” भन्नाले गलकोट नगरपालिकामा दर्ता भई यस कार्यविधिको दफा ४ बमोजिम सूचीकृत संस्थालाई सम्झनु पर्दछ ।

**३. विभिन्न संस्थाहरुलाई सूचीकृत हुनको लागि सूचना प्रकाशन गर्ने :**

१) गलकोट नगरपालिका शाखाले उत्पादक बाट न्यूनतम समर्थन मूल्यमा यस पालिका भित्र उत्पादन भएको कृषि उपज खरिद गर्न चाहने सहकारी, हाट बजार, कृषि उपज संकलन केन्द्र, कृषि उपज खरिद विक्री केन्द्र, साझेदार कृषि बजार

जस्ता संस्थाहरुलाई सूचीकृत हुनको लागि १५ दिनको अवधि दिई कृषि उपजको खरिद सिजन सुरु हुनु भन्दा अगाडि सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष अवधिका विभिन्न पटक सूचना प्रकाशन गरी सूचीकृत गर्न सकिनेछ ।

**४. निवेदन दिई सूचीकृत हुनु पर्ने :**

(१) दफा ३ बमोजिमको सूचना प्रकाशन भएपछि उत्पादक बाट न्यूनतम समर्थन मूल्यमा खरिद गर्न चाहने संस्थाले देहायको विवरण खुलाई यो सूचनामा तोकिएको अवधि भित्र शाखामा सूचीकरणको लागि आवेदन दिनु पर्नेछ ।

(क) सहकारी संस्था, हाट बजार, कृषि उपज संकलन केन्द्र, कृषि उपज खरिद विक्री केन्द्र, साझेदारी बजारको नाम र ठेगाना

(ख) संस्थाको कार्यक्षेत्र

(ग) खरिद गर्न चाहेको कृषि उपज र परिमाण

(घ) खरिद गर्न चाहेको क्षेत्र वडा वा टोल समेत खुलाउने

(ङ) खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत

(च) भण्डारण सम्बन्धी व्यवस्था

(छ) खरिद, ढुवानी, भण्डारण, प्रशोधन तथा बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण

(ज) खरिदको विक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

(२) उपदफा १ बमोजिम दिइने निवेदन साथ संस्था दर्ता तथा नवीकरणको प्रमाणको प्रतिलिपि तथा आवश्यक अन्य कागजातको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा १ बमोजिम प्राप्त निवेदनको आधारमा कृषि उपज खरिद गर्ने संस्थाको दफा ३ बमोजिम प्रकाशन भएको सूचनाको अवधि समाप्त भएको मितिले सात दिन भित्र कार्यान्वयन समितिले छनौट गरी सूचीकरण गर्नुपर्नेछ । त्यसरी सूचीकृत संस्थाको नाम र ठेगाना सहितको विवरणको सूचना सार्वजनिक गर्नु पर्नेछ ।

(४) तोकिएको अवधिमा उत्पादक बाट न्यूनतम समर्थन मूल्यमा खरिद गर्न चाहने कुनै पनि संस्था सूचीकृत हुन नआएमा दफा १६ बमोजिमको निर्देशक समितिले नगरपालिकाको लगानी साझेदारी रहेको कुनै कृषि बजारलाई उत्पादक बाट न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने गरी तोक्न सक्नेछ । यसरी तोकिएको बजारले यस कार्यविधि बमोजिम न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्नु अनिवार्य दायित्व हुनेछ ।

**५. कृषि उपज खरिदको लागि क्षेत्र निर्धारण गर्ने :**

(१) कार्यान्वयन समितिले सूचीकृत संस्थाहरुलाई खरिद गर्ने कृषि उपज र पायक पर्ने वडाहरुको आधारमा कार्यक्षेत्र निर्धारण गर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक सूचीकृत संस्थाले निर्धारण गरिएको कार्यक्षेत्रबाट कृषि उपज खरिद गर्न नसकेको अवस्थामा सोही कार्यक्षेत्रको वा सो कार्यक्षेत्रभन्दा बाहिर कार्यक्षेत्र भएको अर्को सूचीकृत संस्था लाई समेत त्यस्तो क्षेत्रको कृषि उपज खरिद गर्न सक्ने गरी कार्यान्वयन समितिले कार्यक्षेत्र निर्धारण तथा संशोधन गरिदिन सक्नेछ ।

(३) शाखाले यस दफा बमोजिम कार्यक्षेत्र निर्धारण गरेको जानकारी सम्बन्धित संस्था र कार्यक्षेत्रभित्र पर्ने वडा कार्यालयलाई दिनुपर्नेछ ।

(४) यसरी कृषि उपजको खरिद क्षेत्र तोक्दा सम्बन्धित सूचीकृत संस्थाको केन्द्रबाट टाढा पर्ने वडाहरु समेत खरिद क्षेत्रको रुपमा तोकिएको भए त्यस्तो वडाका कृषकलाई ढुवानी सहुलियत प्राप्त गर्ने भनि तोक्न सक्नेछ ।

**६. उत्पादकको विवरण संकलन गर्ने :**

(१) शाखाले न्यूनतम समर्थन मूल्यमा आफ्नो उत्पादन विक्री गर्न चाहने उत्पादकलाई वार्षिक उत्पादन योजना तथा कृषि उपजको अनुमानित परिमाण सहित प्राप्त हुने गरी सार्वजनिक सूचना मार्फत सूचीकृत गर्न सक्नेछ ।

(२) शाखाले सूचीकृत संस्थालाई उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त उत्पादकको विवरण तथा खरिद गर्नुपर्ने उपजको अनुमानित परिमाणको विवरण उपलब्ध गराउन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्रका कुनै कृषकको उत्पादन सूचीकृत नभए पनि उक्त वस्तु खरिद गर्न बाधा पर्ने छैन ।

**७. उत्पादकको इच्छा अनुसार हुने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफूले उत्पादन गरेको कृषि उपजको न्यूनतम समर्थन मूल्यमा विक्री गर्ने वा नगर्ने वा कसलाई विक्री गर्ने भन्ने सम्बन्धमा सम्बन्धित उत्पादकको इच्छा अनुसार हुनेछ ।

**८. कृषि उपज खरिद गर्नुपर्ने :**

(१) सूचीकृत भएका संस्थाले दफा ५ बमोजिम निर्धारित कार्यक्षेत्रका उत्पादकको कृषि उपज न्यूनतम समर्थन मूल्यमा खरिद गर्नुपर्नेछ । तर न्यूनतम समर्थन मूल्य भन्दा बढी मूल्यमा खरिद गर्न बाधा पर्ने छैन । तर सो भन्दा कम मूल्य दिएर खरिद गर्न पाइने छैन ।

(२) उपदफा १ को प्रयोजनको लागि सूचीकृत संस्थाले सम्बन्धित क्षेत्रको कृषि उपज खरिद गरिने मिति, खरिदको लागि निर्धारित स्थल वा केन्द्र र त्यसरी खरिद गरिएको कृषि उपजको खरिद मूल्य, भुक्तानी हुने समय र विधि सम्बन्धित सबैलाई जानकारी गराउनु पर्नेछ ।

**९. कृषि उपजको समर्थन मूल्य र गुणस्तर :** कृषि उपजहरू तथा सो को गुणस्तर र मूल्य नगर कार्यपालिकाले तोकिदिए अनुसार हुनेछ ।

(१) कृषि उपजहरु तथा सो को गुणस्तर र मूल्य कायम गर्ने प्रयोजनका लागी सम्बन्धित कृषि उपजहरुको सूची र तिनको स्वस्थ, ग्रेडिङ व्यवस्था, विषादी प्रयोग मात्रा र पर्खनुपर्ने समय लगायत आकार, रङ्ग, तौल जस्ता गुणस्तर को विवरण सँगै प्रत्येक कृषि उपजको ऋतु बमोजिमको उत्पादन साधनहरुको विश्लेषण सहितको कृषि उपज लागत विवरण एवम् विगत एक वर्षको बजार मूल्यको प्रवृत्ति विश्लेषण गरी शाखाले दफा १७ बमोजिमको कार्यान्वयन समितिबाट प्रतिवेदन तयार गरी दफा १६ बमोजिमको निर्देशक समिति समक्ष पेश गर्नेछ । (२) कार्यान्वयन समितिले लागत विश्लेषण तयार गर्दा उत्पादन साधनहरुको लागत स्थानीय दररेट बमोजिम गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको गुणस्तर तथा लागत विश्लेषण प्राप्त गरेपछि निर्देशक समितिले तोकिएको गुणस्तरको कृषि उपजको न्यूनतम लागत मूल्य बजार मूल्य प्रवृत्तिको आधारमा न्यूनतम मूल्य र कृषकको मुनाफा समेत किटान गरी न्यूनतम समर्थन मूल्य कायम गर्न नगरकार्यपालिकामा पेश गर्नेछ ।

(३) प्राप्त प्रतिवेदन अध्ययन गरी नगर कार्यपालिकाले कृषि उपजहरु तथा सो को गुणस्तर र न्यूनतम समर्थन मूल्य तोक्नेछ ।

(४) यसरी समर्थन मूल्य तोक्दा एक ऋतुमा मात्र उत्पादन हुने बालिको लागि सो बाली लगाउने महिनाको सुरुमै र वर्ष भर निरन्तर उत्पादन हुने तरकारी, दूध, माछा, मासु जस्ता कृषि उपजहरुको लागी प्रत्येक तिन महिनाको लागी मूल्य तोक्नु पर्नेछ । फलफूलको लागी यस्तो मूल्य कायम गर्दा फल टिप्ने ऋतुको सुरुमै तोकिनेछ ।

(५) दफा ५ उपदफा ४ बमोजिमको ढुवानी सहुलियत प्राप्त गर्ने उत्पादकले प्राप्त गर्ने ढुवानी सहुलियत दर खरिद गर्ने सूचीकृत संस्थाको केन्द्र र उत्पादक कृषक रहेको वडाको दूरी बमोजिम निर्देशक समितिले तोक्नेछ ।

**१०. उत्पादकलाई रकम भुक्तानी गर्ने :**

(१) सूचीकृत संस्थाले उत्पादकबाट उत्पादित कृषि उपज प्रत्यक्ष रुपमा खरिद गरी त्यसरी खरिद गरेको दिनमा वा खरिद गरेको मितिले १५ दिन भित्र सम्बन्धित उत्पादकको बैंक खातामा रकम भुक्तानी गरी सक्नु पर्नेछ ।

(२) सूचीकृत संस्थाले दफा ५ को उपदफा ४ बमोजिम ढुवानी सहुलियत पाउने भनी तोकिएको वडाका कृषकहरुको कृषि उपज खरिद गरेकोमा निर्देशक समितिले तोकिदिएको दरमा ढुवानी सहुलियत समेत उपदफा १ बमोजिम सम्बन्धित उत्पादकलाई भुक्तानी दिनुपर्नेछ।

(३) सूचीकृत संस्थाले उपदफा (१)(२) बमोजिम रकम भुक्तानी गरेको जानकारी रकम भुक्तानी गरेको उत्पादकको नाम, थर, ठेगाना, भुक्तानी गरिएको रकम तथा खाता रहेको बैंक तथा बैक खाता नम्बर, खरिद गरेको कृषि उपजको कुल परिमाण उल्लेख गरी शाखालाई समेत दिनुपर्नेछ। विवरणहरू डिजिटल माध्यमबाट अपडेट गराउनु पर्नेछ।

**११. अनुदान उपलब्ध गराउने :**

(१) दफा १० बमोजिम कृषि उपज खरिद गरेको रकम उत्पादकलाई भुक्तानी गरेको जानकारी शाखामा प्राप्त भएपछि सम्बन्धित वडाको सिफारिस तथा शाखाले सम्बन्धित उत्पादकले भुक्तानी पाए नपाएको यकिन गरी खरिद गरेको कृषि उपजको परिमाण बमोजिम हुन आउने संकलन, भण्डारण, सुरक्षा र प्याकेजिंग लगायत खर्च व्यवस्थापनको लागि तोकिएको समर्थन मूल्यको ५ प्रतिशत अनुदान बापतको एकमुष्ठ रकम सम्बन्धित सूचीकृत संस्थाको बैंक खातामा जम्मा गर्नेछ।

(२)(क)कुनै कारणबस तोकिएको कृषि उपजको न्यूनतम समर्थन उपभोक्ता मूल्य भन्दा कम मूल्यमा बेच्नु परेमा उत्पादकले तोकिएको मूल्य पाउनेछन। उपभोक्ताले सस्तो पाउनेछन भने खरिद कर्ता सूचीकृत संस्थाले खरिद गरेपछि बजारमा विक्री गर्दा विभिन्न बजार मूल्यको औसत मूल्य कायम गरी खरिद र विक्री मूल्य मा के कति कम हुन्छ सो बराबरको रकम सूचीकृत संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ।

(ख) (२) (क) बमोजिमको रकम भुक्तानीका लागि खरिद कर्ताले विक्री गरेको परिमाण, बिल र सो सप्ताह/दिनको औसत मूल्य कायम गरेको संस्थाको निर्णय सहित शाखामा पेश गर्नुपर्नेछ। यस्तो साप्ताहिक/दैनिक औसत मूल्य कायम गर्दा संस्थाले शाखा र वडाको प्रतिनिधि समेतको उपस्थितिमा कायम गरेको हुनुपर्नेछ।

(३) सूचीकृत संस्थाले दफा ५ को उपदफा ४ बमोजिम ढुवानी सहुलियत पाउने भनी तोकिएको वडाका कृषकहरुको कृषि उपज खरिद गरी दफा १० को उपदफा २ बमोजिम ढुवानी सहुलियत भुक्तानी गरेकोमा उपदफा १ बमोजिमको विवरण सँगै छुट्टै ढुवानी सहुलियत पाउने उत्पादकको नामावली सहित खरिद उपज र परिमाणको विवरण तथा भुक्तानीको प्रमाण शाखामा पेश गर्नुपर्नेछ। यस्तो विवरण प्राप्त भएपछि शाखाले सम्बन्धित उत्पादकले भुक्तानी पाए नपाएको यकिन गरी खरिद गरेको कृषि उपजको परिमाण बमोजिम हुन आउने ढुवानी अनुदान रकम सम्बन्धित सूचीकृत संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ।

**१२. सूचीकृत संस्थाले पालन गर्नुपर्ने सर्तहरु :**

(१) सूचीकृत संस्थाले प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने सर्तको अतिरिक्त देहायका सर्तहरूको पालन गर्नुपर्ने छ।

(क) कार्यविधि पालन गर्ने,

(ख) कृषि उपज खरिद, भण्डारण, विक्री सम्बन्धी न्यूनतम मापदण्डहरूको पालना गर्ने,

(ग) कृषकहरुलाई उपजहरुको भुक्तानी तोकिएकै समयमा उपलब्ध गराउनु पर्ने,

(घ) सूचीकृत संस्थाले सम्बन्धित वडा र शाखाको प्रतिनिधि सदस्य रहने गरी मूल्य निर्धारण समिति बनाई कृषि उपजको प्रकृति बमोजिम साप्ताहिक वा दैनिक रुपमा खरिद गर्ने तथा विक्री वितरण गर्ने मूल्य निर्णय गरी अपडेट गर्नुपर्दछ। यस्तो मूल्य सूची शाखामा मूल्य निर्धारणको दिनमै अपडेट गराउनुपर्नेछ।

(ङ) उत्पादक कृषकहरुलाई व्यवसायिक योजना बनाउन सहयोग गर्ने, बजारको माग बारेमा जानकारी गराउने, विभिन्न कार्यलयको अनुदान मूलक कार्यक्रमको बारेमा किसानलाई जानकारी गराउने।

(२) सूचीकृत संस्थाद्वारा गलत विवरण खरिद विक्री र मूल्यको अभिलेखीकरण गलत वा झुटा ठहरिएमा तथा खरिद गरेका कृषि उपजको परिमाण अनुसारको रकम यस कार्यविधिमा उल्लेख भएको अवधि भित्र उत्पादकलाई भुक्तानी नदिएमा

प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ र कालो सूचीमा राखी सूचीकृत लिस्टबाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलब्ध गराइने छैन ।

**१३. उत्पादकले पालन गर्नुपर्ने सर्तहरू :** उत्पादकले कार्यविधि पालन गर्नुपर्नेछ साथै देहायका सर्तहरू पालन गर्नुपर्नेछ ।

(क) उत्पादन गरिएका कृषि उपजहरु स्वस्थ, गुणस्तरीय हुनुपर्दछ । सकेसम्म ग्रेडिङ गरेर मात्र बजारमा पठाउनु पर्दछ । विषादी प्रयोग गरेको भए पर्खनुपर्ने समय कुरेर मात्र बाली टिपेको हुनुपर्दछ । गुणस्तरहीन वस्तु वा कम गुणस्तरको वस्तु विक्रीको लागि ल्याएमा खरिद कर्ताले खरिद गर्न बाध्य हुने छैनन ।

(ख) उत्पादकहरु शाखामा आफ्नो वार्षिक उत्पादन योजना सहित सूचीकृत हुनु पर्दछ साथै सम्बन्धित खरिद गर्ने संस्था आफ्नो उत्पादन सहित आवेदन दिनुपर्दछ ।

(ग) उत्पादकले ढाँटछल गरी अन्य क्षेत्रको उत्पादन आफ्नो भनी विक्री गरेमा वा परीक्षण गर्दा गुणस्तरहीन वा कम गुणस्तरको उत्पादन भेटिएमा त्यस्ता कृषकलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ र कालो सूचिमा राखी सूचीकृत लिष्टबाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलब्ध गराइने छैन ।

**१४. कृषि उपज खरिदको लागि बजेट व्यवस्थापन :** कृषकहरुको कृषि उपज खरिदको लागि आवश्यक बजेट खरिदकर्ता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ भने न्यूनतम समर्थन मूल्यमा खरिद गरेको आधारमा दिइने प्रोत्साहन अनुदान र सूचीकृत संस्थाले खरिद पश्चात कम मूल्यमा विक्री गर्नु परेमा दिइने क्षतिपूर्तिको रकम गलकोट नगरपालिकाले व्यवस्था गर्नुपर्नेछ । यसरी खरिद गर्ने खरिदकर्ताको लागि आवश्यक भण्डार घर लगायतका पूर्वाधार, प्रशोधनका मेसिनरी उपकरणहरु खरिदमा नगरपालिकाको कार्यक्रममा प्राथमिकता दिन सकिनेछ ।

**१५. विद्यमान संरचनाको उपयोग गर्न सकिने :**

(१) सूचीकृत संस्थाहरूले खरिद गरेको वस्तु संकलन, भण्डारणको लागि विभिन्न स्थानमा निर्माण भएको संकलन केन्द्र, बजार संरचना, गोदाम घर, कोल्डरुम वा कोल्ड स्टोरको प्रयोग गर्न सकिनेछ ।

(२) सूचीकृत संस्थाले खरिद गरेको कृषि उपज भण्डारण गर्दा गुणस्तरमा ह्रास नहुने गरी उपयुक्त तरिकाले भण्डारण गर्नुपर्नेछ । त्यसरी भण्डारण गरिएको स्थानको जानकारी शाखामा दिनुपर्नेछ र भण्डारणको लागि सहजीकरण गर्नुपर्नेछ ।

**१६. निर्देशक समिति :**

(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कृषि उपज खरिद कार्यक्रमको मार्ग निर्देशनको लागि नगरपालिकामा देहाय बमोजिमको निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख | संयोजक |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) उद्योग वाणिज्य संघ अध्यक्ष | सदस्य |
| (छ) सहकारी संजाल अध्यक्ष | सदस्य |
| (छ) नगर कृषक संजाल अध्यक्ष | सदस्य |
| (ज) कृषि शाखा प्रमुख | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) न्यूनतम समर्थन मूल्य कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) कृषि उपज उत्पादन क्षेत्रहरुको अनुगमन र समन्वय गर्ने,

(ग) खरिद गरिने कृषि उपजको गुणस्तर तथा खरिद कर्ताले खरिद गरेको कृषि उपज भण्डारणको सम्बन्धमा आवश्यक निरीक्षण गर्ने वा गराउने व्यवस्था मिलाउने,

(घ) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरूको अनुगमन गर्ने।

(३) निर्देशक समितिले समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिले आफ्नो बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

**१७. कार्यान्वयन समिति :**

(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कृषि उपज खरिदको कार्यमा सहयोग, समन्वय तथा सहजीकरणका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक विकास समिति संयोजक सहित सदस्य ३ जना | सदस्य |
| (ग) इन्जिनियरीङ शाखा, सहकारी शाखा, पशु सेवा शाखा प्रमुख | सदस्य |
| (घ) सूचीकृत संस्थाहरु मध्ये बाट सबै क्षेत्र पर्ने गरी निर्देशक समितिले तोकेका २ जना | सदस्य |
| (ङ) कृषि सञ्जाल प्रतिनिधि (कृषि तथा पशु पालनमा संलग्न २ जना | सदस्य |
| (च) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा बमोजिको कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सूचीकृत संस्था र उत्पादकका बीचमा खरिद विक्री र र कम भुक्तानी सम्बन्धमा सहजीकरण तथा समन्वय गर्ने

(ख) न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद विक्री भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने

(ग) खरिद गरिने कृषि उपजको गुणस्तर तथा खरिदकर्ताले गरेको भण्डारण स्थलको आवश्यक निरीक्षण गर्ने वा गराउने

(३) उपदफा (१) बमोजिमको कार्यान्वयन समितिको बैठकमा सो समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका बढीमा दुई जना विज्ञलाई आमन्त्रित गर्न सक्नेछन्।

(४) उपदफा (१) बमोजिमको कार्यान्वयन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१८. बाधा अड्काउ फुकाउ**ः यो कार्यविधि कार्यान्वयनमा बाधा परेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**आज्ञाले**

**घनश्याम गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

**मितिः २०८१/०८/२६**